नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४४ मिति :- २०६७/५/६

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु, इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू एवं इजाजतपत्र प्राप्त मनिचेञ्जरहरू ।

**विषय :- इ.प्रा. परिपत्र संख्याः ५४२ उपर संशोधन ।**

महाशय,

विदेशी मुद्राको खरीद बिक्री कारोवारका सम्बन्धमा मिति २०६७/५/१ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्याः ५४२ को दफा ६ को खण्ड (क) र (ख) तथा दफा ७ को खण्ड (क) र (ख) का सम्बन्धमा केही द्विविधा उत्पन्न भएको व्यहोरा बुझिन आएकोले सो द्विविधालाई देहाए बमोजिम स्पष्ट गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. इ.प्रा. परिपत्रसंख्याः ५४२ को दफा ६ को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छ :-

"(क) परिवर्त्य विदेशी मुद्राका ५० (पचास) र सोभन्दा माथिका दरका नगद नोट खरीद गर्दा कुनै किसिमको शुल्क, कमिशन आदि लिन पाइने छैन ।

(ख) परिवर्त्य विदेशी मुद्राका ५० (पचास) दर भन्दा कम दरका नगद नोट खरीद गर्दा सेवा शुल्कको रुपमा वढीमा ०.५० (शून्य दशमलव पाँच) प्रतिशत सम्म लिन पाइनेछ ।"

२. इ.प्रा. परिपत्रसंख्याः ५४२ को दफा ७ को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छ :-

"(क) परिवर्त्य विदेशी मुद्राका ५० (पचास) र सोभन्दा माथिका दरका नगद नोट खरीद गर्दा बैंक/वित्तीय संस्थाले निर्धारण गरेको औषत विनिमय दरमा बढीमा ०.५० (शुन्य दशमलव पाँच) प्रतिशतसम्म कम खरिद दर कायम गरी खरीद गर्न सकिनेछ ।

(ख) परिवर्त्य विदेशी मुद्राका ५० (पचास) भन्दा कम दरका नगद नोट खरीद गर्दा बैंक/वित्तीय संस्थाले निर्धारण गरेको औषत विनिमय दरमा बढीमा १ (एक) प्रतिशतसम्म कम खरिद दर कायम गरी खरिद गर्न सकिनेछ ।"

३. इ.प्रा. परिपत्रसंख्याः ५४२ को दफा ८ को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखी खण्ड (ग) लाई खारेज गरिएको छ :-

"(क) परिवर्त्य विदेशी मुद्राका ५० (पचास) र सोभन्दा माथिका दरका नगद नोटको हकमा कुनै किसिमको कमिशन, शुल्क आदि लिइने छैन ।

(ख) परिवर्त्य विदेशी मुद्राका ५० (पचास) भन्दा कम दर दरका नगद नोटको हकमा ०.५० (शून्य दशमलव पाँच) प्रतिशतका दरले सेवा शुल्क लिइनेछ ।"

क्रमशः

४. यस बैंकबाट विनिमय दर प्रकाशन गर्ने भारतीय रुपैया तथा परिवर्त्य विदेशी मुद्रा बाहेकका अन्य विदेशी मुद्राको खरिद विक्रीको हकमा समेत यसै परिपत्रको व्यवस्था लागू हुनेछ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेण्ट बैकर्स एशोसियसन, अनामनगर, काठमाण्डौ ।
११. श्री नेपाल मनिचेञ्जर एशोसियसन, काठमाण्डौ ।